आर्थिक वर्ष : २०८१/८२
बैठक संख्या :२

आज मिति २०८१/०५/३१ गतेका दिन विरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री पिताम्बर पोखेल सदस्य सचिव नि. प्र.प्र.अ.

अन्य उपस्थिति

श्री ढाकाराम लामिछाने लेखा अधिकृत
श्री दिपक ढुंगाना वरिष्ठ प्रशासन सहायक
श्री गणेश गुरुङ्ग कार्यालय सहयोगी

मिति :२०८१/०५/३१

**प्रस्ताव नं. १**

वडा स्तरीय तिज विशेष कार्यक्रमका लागि बजेट व्यवस्थापन सम्बन्धमा।

**निर्णय नं. १ :**

विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को क्र.सं. ३९ मा समावेश उपाध्यक्ष महिला शसक्तिकरण शीर्षकका लागि विनियोजित रु ४ लाख रकमबाट प्रत्येक वडा कार्यालय र गाउँपालिका कार्यालयलाई रु ४० हजारमा नबढ्ने गरी तिज कार्यक्रमका लागि उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं .२** कर्मचारी नियुक्ति अनुमोदन सम्बन्धमा।

**निर्णय नं. २**

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश पोखराको बढुवा सूचना नं. ७६/२०८०-८१(कार्यक्षमता) तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बढुवा समितिको सचिवालय, गण्डकी प्रदेश पोखराको च. नं. ०९, मिति २०८१/०४/१४ को बढुवा नियुक्तिको पत्र अनुसार स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १६ बमोजिम विरुवा गाउँपालिका कार्यालयको मिति २०८१/०४/१६ गतेको निर्णयअनुसार २०८१/०३/०६ गतेबाट जेष्ठता कायम हुनेगरी स्थानीय प्रशासन सेवा, प्रशासन समूह, सातौं तह प्रशासकीय अधिकृत पदमा नियुक्ति तथा पदस्थापन हुनुभएका हरिनास गाउँपालिका वडा नं. ४ स्याङ्जा स्थायी ठेगाना भएका भेष बहादुर जि. टी. को बढुवा नियुक्तिलाई अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**प्रस्ताव नं. ३**

सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकता निर्धारण सूची अनुमोदन सम्बन्धमा।

**निर्णय नं. ३ :**

विरुवा गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रमा आ.व. २०८१/८२ का लागि सूचीकृत बेरोजगार व्यक्तिको प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१(३) बमोजिमका आधारहरुमा तयार गरिएको संलग्न बमोजिमको प्राथमिकता सूची सोही निर्देशिकाको दफा २१(४) बमोजिम स्वीकृत गरी प्रकाशन गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ४**

बाटो हेरालु (लेन्थ वर्कर) माग गर्ने सम्बन्धमा।

**निर्णय नं. ४**

विरुवा गाउँपालिकालाई राजमार्ग सम्म जोड्ने प्रमुख सडक राङखोला धोवादी विरुवा सडकको धोवादी विरुवा खण्डको नियमित मर्मत संभार र संरक्षणको लागि ५ जना बाटो हेरालु (लेन्थ वर्कर) को व्यवस्था गरिदिन पुर्वाधार विकास कार्यालय, स्याङ्जामा अनुरोध तथा माग गरि पठाउने सर्वसहमतिले निर्णय गरियो।

नि. प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ५**

मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमको लागत साझेदारी रकमको सुनिश्चितता सम्वन्धमा।

**निर्णय नं. ५**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश अन्तर्गत संचालित मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ अनुसार चालु आर्थिक वर्षमा कार्यान्वयनका हुने मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको मिति २०८१-०५-२७ को सूचना अनुसार विरुवा गाउँपालिका छनौट भएकोमा उक्त परियोजना कार्यान्वयनका लागि सम्झौता गरी प्रकिया अगाडी वढाउने र सोको लागि गाउँपालिकाको तर्फवाट नियमानुसार साझेदारी गर्नुपर्ने रकम गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमको सि. नं. १४९ को समपुरक कोष शिर्षकवाट साझेदारी गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ६**

पालिका स्तरीय अस्पताल संचालन सम्वन्धमा।

**निर्णय नं. ६**

नेपाल सरकारवाट स्विकृत भए वमोजिम विरुवा गाउँपालिका वडा नं. ६ मा रहेको चिन्नेवास स्वास्थ्य चौकीको भवनवाट १० शैयाको पालिका स्तरीय अस्पताल तुरुन्त संचालन गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ७**

१० शैयाको पालिका स्तरीय अस्पतालको लागि डाक्टर सहित दरवन्दी माग सम्वन्धमा।

**निर्णय नं. ७**

विरुवा गाउँपालिकाको पालिका स्तरीय अस्पताललाई तत्कालको लागि नेपाल सरकारको छात्रवृति कोटामा MBBS उत्तीर्ण गरि भोलेन्टियर सर्भिस गर्ने १ जना MBBS डाक्टर र स्थायी रुपमा १ जना MBBS डाक्टर सहित आवश्यक दरवन्दी स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश पोखरा, सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गरि पठाउने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ८**

वहुवर्षिय योजनाको लागि अनुरोध सम्वन्धमा।

**निर्णय नं. ८**

तनहुँ, स्याङ्जा र पाल्पा जिल्लाका शुक्लागण्डकी नगरपालिका, हरिनास गाउँपालिका, विरुवा गाउँपालिका, चापाकोट नगरपालिका र रामपुर नगरपालिका सहित गण्डकी प्रदेश र लुम्बिनि प्रदेश जोड्ने रणनीतिक सडक ज्याग्दि करीडोरलाई संघीय सरकार र प्रदेश सरकारवाट आ.व. २०८१/८२

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

का लागि बजेट बिनियोजित स्याङ्जा जिल्ला प्रदेश क्षेत्र नं. १(क) को रणनीतिक सडक विरुवा ललाङ्ग तर्ले कुशुमभञ्याङ्ग सडक निर्माण योजनालाई बहुवर्षे योजनाको रुपमा समावेश गरिदिनका लागि प्रदेश सरकार समक्ष अनुरोध तथा माग गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ९**

एक टोल एक कृषि समूह गठन सम्बन्धमा।

**निर्णय नं. ९**

हाल पालिकामा लागु भएको नाफा परियोजनालाई प्रभावकारि बनाउन तथा पालिकाको कृषि क्षेत्रको विकास, पर्वद्धन र व्यावसायिकरण गर्न सहयोग पुग्ने गरि एक टोल एक कृषि समुह गठन गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. १०**

३ नं. वडा कार्यालय भवन निर्माण योजनालाई बहुवर्षिय योजनामा समावेश गर्ने सम्बन्धमा।

**निर्णय नं. १०**

चालु आ. व. २०८१/८२ को योजना तथा कार्यक्रमको सि. नं. ८९ मा ३ नं. वडा कार्यालय भवन निर्माण शिर्षकमा रु. १५,००,०००/- (अक्षरुपी पन्ध्र लाख) बजेट विनियोजन भएकोमा स्विकृत डि. पि. आर. वमोजिम लागत अनुमान गर्दा रु. १,२७,४५,५१०/- (अक्षरुपी एक करोड सत्ताईस लाख पैचालीस हजार पाँच सय दश) लागत अनुमान भएको हुदा उक्त योजनालाई बहुवर्षिय योजनामा समावेश गरि निर्माण प्रक्रिया अगाढि बढाउने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ११**

बाँझो जमिन भाडामा लिएर पालिकाले फलफूल खेती गर्ने सम्बन्धमा।

**निर्णय नं. ११**

विरुवा गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी जग्गाहरुमा तथा बाँझो जमिन भाडामा लिएर कानुनी तथा प्रक्रियागत व्यवस्थापन गर्दै गाउँपालिकाले फलफूल खेती गर्ने निर्णय गरियो। सो को लागि आवश्यक कार्यविधि निर्माण गरी आवश्यक कानुनी व्यवस्था गर्ने निर्णय गरियो।

नि. प्रमुख प्रशासकीय अधिकृत